# कास्की रेडक्रस

जि.प्र.का.द.नं. १३/०५२/०५३ हु.द.नं. ०३/०६०/०६१ समाचार बुलेटिन

वर्ष ३१ अङ्क २ २०८२ असोज Oct. 2025


# डेंगी रोकथाम तथा नियन्त्रण अभियान सकियो






नेपाल रेडक्रस सोसाइटी कास्कीले सञ्चालन गरेको तीन महिने डेंगी रोग रोकथाम तथा नियन्त्रण अभियान सकिएको छ । ब्रिटिस रेडक्रस र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वयमा रेडक्रस कास्कीले सघन रुपमा अभियान चलाएको थियो ।

रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले डेंगु रोकथाम तथा प्रतिकार्यको लागि विद्यालय तथा समुदाय स्तरमा विशेष अभियान सञ्चालन गरेको जानकारी दिनुभयो । उहाँले ठूलो सञ्जाल रहेको रेडक्रसले ५ पालिकाका ४८ उपशाखा मार्फत् टोल टोलसम्म डेंगी रोग संक्रमण रोकथाम नियन्त्रणको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको उल्लेख गर्नुभयो । रेडक्रस कास्कीले आयोजना गरेको डेंगी रोग संक्रमण रोकथाम तथा नियन्त्रणको लागि सरोकारवालाबीचको समन्वयात्मक कार्यक्रममा प्रादेशिक स्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले यो वर्ष समुदाय स्तरमा प्रभावकारी कार्यक्रम भएकोले डेंगीको संक्रमणलाई रोकथाम तथा नियन्त्रण सम्भव भएको जानकारी दिनुभयो ।

कास्कीमा सन् २०२३मा ३ हजार ६९ जना व्यक्ति संक्रमित भएका थिए । सन २०२२मा कास्कीमा १ हजार ३ सय ४७ जना व्यक्ति डेंगीबाट संक्रमित भएको जनस्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ। कास्कीमा गत वर्ष ९ हजार ८ मानिस संक्रमित भए । कास्कीमा गत महिनासम्ममा ५ सय व्यक्ति संक्रमित भएका थिए ।

उहाँले गत वर्ष कास्की देशभरीमा डेंगीबाट सबभन्दा बढी प्रभावित जिल्ला भएको जानकारी गराउनुभयो । 'कास्कीमा गत वर्ष ९ हजार ८सय जना संक्रमित भए । डेंगी संक्रमणबाट ६ जनाको मृत्यु भयो, 'उहाँले भन्नुभयो, 'उच्च स्तरको भेला बैठक गरियो । तर समुदाय स्तरमा चुस्त दुरुस्त कार्यक्रम लैजान सकिएन ।' उहाँले डेंगी संक्रमणलाई शून्यमा झार्न नसकेपनि सुरुवातमा प्रभावकारी काम गरे न्यूनीकरण गर्न सकिने बताउनुभयो । उहाँले सामूहिक प्रयासमा समुदाय स्तरमा प्रभावकारी कार्यक्रम गरेको कारण यो वर्ष डेंगी संक्रमितको संख्या ५ सय नकटेको जानकारी दिनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले विश्व स्वास्थ्य संगठनले डेंगीलाई महामारीको रुपमा फैलने रोग मध्ये १० नम्बरमा राखेको जानकारी दिनुभयो । जाडोमा पनि डेंगीको संक्रमण बढनु स्वास्थ्य क्षेत्रको चुनौती भएको उल्लेख गर्दै उहाँले डेंगी संक्रमणको दृष्टिले १२ महिनानै जोखिममा रहेको बताउनुभयो । उहाँले अहिले पनि श्रम क्षेत्र र वडा तहमा नियमित कार्यक्रम गर्नु पर्ने उल्लेख गर्नुभयो ।

रेडक्रस कास्की उपसभापति रमा कोइराला न्यौपानेले टोल विकास संस्था, आमा समूहलाई केन्द्रित गरी सामूहिक रुपमा कार्यक्रम गरेको जानकारी दिनुभयो । रेडक्रस कास्कीमा मन्त्री सन्तोष अधिकारीले रेडक्रस कास्कीले गत वैशाख महिनादेखि डेंगी संक्रमण फैलाउने लामखुट्टेको खोज र नष्ट अभियान गरेको बताउनुभयो ।

रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्काले सरोकारवाला निकायले एकीकृत ढंगले कार्यक्रम गरे बढी प्रभावकारी हुने दाबी गर्नु भयो ।

रेडक्रस कास्कीका डेंगी रोकथाम तथा प्रतिकार्य कार्यक्रमका फोकल पर्शन नवराज भण्डारीले कार्यक्रम अवधिमा २८ सामुदायिक १ संस्थागत गरी २९ विद्यालयका विद्यार्थीलाई अभिमुखीकरण गरेको बताउनुभयो । 'कास्कीका ३१ स्थानमा युवा क्लब आमा समूह, टोल विकास संस्था रेडक्रसका उपशाखा सहित सामुदायिक सचेतना कार्यक्रमहरु गरिएका

▶▶ बाँकी पृष्ठ ८ मा

# सम्पादकीय

## डेंगी नियन्त्रण: साझा प्रयासको खाँचो

नेपालमा डेंगु संक्रमण हरेक वर्ष बढ्दो क्रममा छ, जुन जनस्वास्थ्यका लागि ठूलो चुनौती बनेको छ । विशेष गरी मनसुनको समयमा यो समस्या अझ विकराल रूपमा देखिने गरेको छ, तर पछिल्ला वर्षहरूमा जाडो महिनामा समेत् डेंगुका बिरामीहरू भेटिनुले यसको जोखिम बाह्रै महिना रहेको पुष्टि गर्दछ । डेंगु नियन्त्रणका लागि सरकारी, गैरसरकारी निकाय र समुदायको एकीकृत तथा सचेत प्रयास अपरिहार्य देखिन्छ ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाले चलाएको 'लामखुट्टे खोज र नष्ट अभियान' डेंगु नियन्त्रणको लागि एउटा प्रशंसनीय पहल हो । गत वर्ष कास्की डेंगुबाट सर्वाधिक प्रभावित जिल्लाहरू मध्ये एक थियो । यस वर्ष मनसुनसँगै डेंगु संक्रमण बढ्न थालेपछि रेडक्रसले सरसफाइ र लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानलाई तीव्रता दिएको थियो । ब्रिटिश रेडक्रसको सहयोग तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रसँगको सहकार्यमा सञ्चालित यो कार्यक्रमले समुदायमा सचेतना फैलाउनुका साथै डेंगु फैलाउने लामखुट्टेको बासस्थान नष्ट गर्न महत्वपूर्ण भूमिका खेलेको छ । विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी गरिएको अभिमुखीकरण, ब्रोसर वितरण, माइकिङ र घरदैलो अभियानले समुदायमा डेंगुबाट बच्ने उपायबारे जानकारी पुऱ्याएको छ ।

यस वर्ष रेडक्रस कास्कीले समुदायस्तरमा प्रभावकारी कार्यक्रम सञ्चालन गरेकै कारण डेंगु संक्रमितको संख्यालाई ५०० भन्दा कममा सीमित राख्न सम्भव भएको छ । यसले के देखाउँछ भने सामूहिक प्रयास र सचेतनाका कार्यक्रमहरूले डेंगु संक्रमण रोकथाम तथा नियन्त्रणमा ठूलो भूमिका खेल्छन् । आगामी वर्षहरूमा पनि यस अभियानलाई निरन्तरता दिँदै लामखुट्टेको बासस्थान पहिचान गरी लार्भा नष्ट गर्ने कामलाई प्रभावकारी बनाउनुपर्छ ।

डेंगु एडिस एजेप्टी र एडिस एल्बोपिक्टस प्रजातिका लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यी लामखुट्टेहरू प्राय: उज्यालोमा सक्रिय हुन्छन्, त्यसैले, यो समयमा थप सचेत हुनुपर्छ । पानी जम्ने खाल्डाखुल्डी, पुराना टायर, प्लास्टिकका भाँडाकुँडा, सिसाजन्य वस्तुहरूमा जमेको सफा पानीमा यिनीहरूले अण्डा पार्छन् र लार्भा उत्पादन गर्छन् । बढ्दो तापक्रम र अव्यवस्थित शहरीकरणले यस्ता लामखुट्टेलाई प्रजननका लागि थप सहज वातावरण प्रदान गरेको छ ।

डेंगुका लक्षणहरूमा उच्च ज्वरो, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जोर्नी तथा मांसपेशी दुख्ने, वाकवाकी लाग्ने र बान्ता हुने जस्ता सामान्य लक्षणहरू देखिन सक्छन् । केही बिरामीमा भने श्वासप्रश्वासमा समस्या, नाक वा गिजाबाट रक्तश्राव तथा बेहोस हुने जस्ता गम्भीर लक्षणहरू पनि देखिन सक्छन् । यस्ता लक्षण देखिएमा तत्काल अस्पताल भर्ना भई उपचार गर्न पर्दछ ।

डेंगु नियन्त्रणका लागि व्यक्तिगत, सामुदायिक र संस्थागत सचेतना नै प्रमुख उपाय हो । 'खोज र नष्ट गर' अभियान डेंगुबाट जोगिने मुख्य उपाय हो, जसले लामखुट्टेको बासस्थान नै नष्ट गर्छ । यसका लागि घर वरिपरिको वातावरण सफा राख्ने, पानी जम्ने ठाउँहरू पुर्ने वा सफा गर्ने, पुराना टायर तथा भाँडाकुँडाहरू हटाउने र झ्यालढोकामा जाली लगाउने जस्ता उपाय अपनाउन सकिन्छ । साँझपख झ्यालढोका बन्द गर्ने, पूरा बाहुला भएका लुगा लगाउने, कुनाकाप्चा राम्ररी सफा गर्ने र अनावश्यक सामान कोठामा थुपारेर नराख्ने गर्दा लामखुट्टेको टोकाइबाट बच्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठनले डेंगुलाई महामारीको रूपमा फैलने रोगमध्ये दशौं स्थानमा राखेको छ । नेपालमा सन् २००४ मा पहिलोपटक पुष्टि भएको डेंगु अहिले देशव्यापी रूपमा फैलिएको छ । तापमान वृद्धि, अव्यवस्थित सहरीकरण र पानी जम्ने ठाउँहरूको बढ्दो संख्याले एडिस जातको लामखुट्टेलाई प्रजननका लागि सहज वातावरण प्रदान गरेको छ । पुराना टायर, प्लास्टिक जन्य भाँडाहरू, र पानी जम्ने खाल्डाखुल्डीहरू यसका मुख्य बासस्थान हुन् । डेंगीबाट बच्न व्यक्तिगत, सामुदायिक र संस्थागत सचेतना तथा सक्रियता अपरिहार्य छ ।

रेडक्रस कास्कीले विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको छ, जुन अत्यन्त प्रभावकारी देखिन्छ । घरदैलो अभियान, ब्रोसर वितरण र माइकिङ मार्फत् समुदायमा डेंगी रोकथामका उपायबारे जानकारी पुऱ्याइएको छ । यस्ता अभियानले स्थानीय समुदायमा अपनत्वको भावना जगाउनुका साथै डेंगी नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्छ ।

डेंगु नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहमा रहेको द्रुत कार्य समूह (र्‍यापिड रेसपोन्स टीम) लाई चुस्तदुरुस्त राख्नुपर्छ । अस्पतालको तयारी, डेंगु जाँच गर्ने किटको उपलब्धता र समुदायमा भेक्टर सर्भिलेन्स तथा डेंगुको सेरोटाइप अध्ययनका लागि नमुना संकलनमा ध्यान दिनु आवश्यक छ ।

संघ, प्रदेश र स्थानीय सरकारका साथै सम्बन्धित सबै सरोकारवाला निकायहरूले डेंगी नियन्त्रणका लागि एकीकृत र समन्वयात्मक प्रयास गर्नुपर्छ ।

डेंगीलाई शुन्यमा झार्न नसके पनि सामूहिक प्रयास र प्रभावकारी कार्यक्रमहरूको माध्यमबाट यसको संक्रमण दरलाई उल्लेखनीय रूपमा घटाउन सकिन्छ । मनसुन सुरु हुनुअघि र संक्रमण बढ्ने जोखिम भएका महिनाहरूमा विशेष अभियानहरू सञ्चालन गरिनुपर्छ । विश्व स्वास्थ्य संगठनले डेंगीलाई विश्वव्यापी महामारीको रूपमा लिइरहेको सन्दर्भमा, यसको नियन्त्रणका लागि निरन्तर प्रयास र सबैको सक्रिय सहभागिता अनिवार्य छ ।

डेंगी रोकथामका लागि लामखुट्टेको लार्भा खोज र नष्ट अभियानलाई अझ प्रभावकारी बनाउनु आजको आवश्यकता हो । यसका लागि सरकार, समुदाय र सरोकारवाला निकायहरू बीचको सहकार्य र प्रतिबद्धता अपरिहार्य छ । अन्तत:, डेंगु नियन्त्रण कुनै एक निकाय वा व्यक्तिको मात्र जिम्मेवारी नभएर सबै सरोकारवालाहरूको सामूहिक प्रयासबाट मात्र सम्भव हुन्छ । यसका लागि एकीकृत योजना, निरन्तर सचेतना कार्यक्रम र समुदायको सक्रिय सहभागिता अपरिहार्य हुन्छ ।


| | | |
|---|---|---|
| सल्लाहकार | : | उर्मिला खड्का भण्डारी<br>सन्तोष अधिकारी |
| सम्पादक मण्डल | : | सुवास अधिकारी<br>कृष्णप्रसाद पौडेल<br>श्याम कुँवर<br>राजाराम पौडेल<br>विन्दु भण्डारी<br>कृष्णप्रसाद कोइराला<br>गणेशप्रसाद कोइराला |
| मुद्रण | : | न्यू सृजना छापाखाना<br>०६१-५७३३२९ |


**रेडक्रसबारे लेखरचना वा जिज्ञासाको अपेक्षा गर्दछौं।**

# हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजना तथा जुनियर रेडक्रस सर्कल मदरल्याण्ड मा.विका व्यवस्थापनमा कास्की जिल्ला स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ । उक्त प्रतियोगितामा जनप्रिय मा.वि. पहिलो भएको छ ।

कास्कीका ५ पालिकाका ३२ जुनियर सर्कलले प्रतिस्पर्धा गरेको प्रतियोगितामा बिन्ध्यबासिनी मावि बाटुलेचौर दोस्रो, वेष्ट पोइन्ट एकेडेमी तेस्रो र रेन्बो होम्स एकेडेमीले सान्त्वना पुरस्कार जितेको रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने सर्कललाई क्रमश: १० हजार, ७ हजार, ५ हजार, ३ हजार नगद, प्रमाणपत्र र ट्रफि प्रदान गरिएको छ ।

शिक्षा विकास तथा समन्वय इकाई कास्कीमा प्रमुख लोकनाथ आचार्यले विजेता सर्कललाई नगद र ट्रफि प्रदान गर्नुभयो । उहाँले रेडक्रस अभियानले विद्यालयदेखि असल संस्कार र सेवाको भावना सिकाउने प्रयास गरेको उल्लेख गर्नुभयो । पोखरा महानगरपालिका शिक्षा महाशाखाका निर्देशक हेमप्रसाद आचार्यले हराई रहेको निष्पक्षता, मानवता र तटस्थतालाई रेडक्रस अभियानले पुनर्जीवित गरेको बताउनुभयो । उहाँले रेडक्रस अभियानले युवालाई संगठित गरी समाजसेवामा लगाएको चर्चा गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्काले जुनियर तथा युवा सर्कलको गतिविधि रेडक्रस अभियानको महत्वपूर्ण पक्ष भएको जानकारी दिनुभयो उहाँले प्रतियोगिताले सर्कलका सदस्यको ज्ञान, सीप र क्षमतालाई परिष्कृत र परिमार्जन गर्न सहयोग पुगेको बताउनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेल, रेडक्रस कास्कीका उपमन्त्री तथा जुनियर तथा युवा सर्कलका संयोजक डिल्लीराम बराल, जिल्ला समितिका सदस्य श्रीकान्त पौडेल, मदरल्याण्ड माविका संस्थापक निर्देशक तथा सर्कलका संरक्षक डा त्रिभुवन शर्मा, शिक्षक नायक रोशन थापा, नेपाल जुनियर रेडक्रस सर्कलका अध्यक्ष संस्कृति अधिकारी लगायतले बोल्नुभएको थियो ।

# केन्द्रीय उपाध्यक्षमा बराल

नेपाल रेडक्रस सोसाइटीको नवगठित केन्द्रिय तदर्थ समितिको केन्द्रीय उपाध्यक्षमा कास्कीका हरिप्रसाद बराल मनोनित हुनुभएको छ । उपाध्यक्ष बराल जिल्ला शाखा कास्कीको पूर्व सभापति, कोषाध्यक्ष र स्वास्थ्य समितिको संयोजक भएर जिम्मेवारी पुरा गर्नुभएको छ ।

नेपाल सरकारको मिति २०८२ साउन ९ गतेको निर्णय अनुसार समाज कल्याण ऐन, २०४९ को दफा २० को उपदफा (२) बमोजिम नेपाल रेडक्रस सोसाइटीका साधारण सदस्यहरू मध्येबाट नयाँ कार्य समिति गठन नभएसम्म कार्य सञ्चालन गर्ने गरी बिनोदकुमार शर्माको अध्यक्षतामा ९ सदस्यीय तदर्थ समिति गठन भएको हो ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले तदर्थ समितिलाई नेपाल रेडक्रस सोसाइटीमा विद्यमान समसामायिक परिस्थितिको समाधानका लागि नेपालको संविधान, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय रेडक्रस अभियानको मान्यता अनुरूप नेपाल रेडक्रस सोसाइटीको विधान संशोधन गरी समाज कल्याण ऐन, २०४९ को दफा २० को उपदफा (३) बमोजिम तीन महिना भित्र संस्थाको विधान बमोजिम नयाँ कार्य समिति गठन गर्ने जिम्मेवारी दिएको छ ।



नेपाल रेडक्रस सोसाइटीको विधान संशोधन र निर्वाचन गराउने जिम्मेवारी पाएको नेपाल रेडक्रसको तदर्थ समितिले रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी)को अनुपालन तथा मध्यस्थता समिति (सीएमसी)सँग समन्वय गरेर काम गर्ने छ ।

उपाध्यक्ष बरालले विधानको बारेमा प्रदेश स्तरमा छलफल गर्ने उल्लेख गर्नुभयो । संघीय व्यवस्था अनुसार रेडक्रसका संरचनालाई रुपान्तरण गर्ने जानकारी दिँदै उहाँले आगामी दिनमा पालिका स्तरमा समेत् रेडक्रसको संरचना बनाउने बताउनुभयो ।

# शिक्षकहरुलाई प्राथमिक उपचार प्रशिक्षण



नेपाल रेडक्रस सोसाइटी कास्की शाखाले शिक्षक नायकहरुलाई आधारभुत प्राथमिक उपचार प्रशिक्षण दिएको छ ।

लगातार ४ दिनसम्म चलेको प्रशिक्षणमा २४ जना शिक्षक नायकको सहभागिता रहेको थियो । तालिममा रेडक्रस सोसाइटी कास्कीका कोषाध्यक्ष तथा प्रशिक्षक संयोजक मोहनसिंह खड्का, कास्की शाखाका पूर्व कार्यालय प्रमुख खेमराज सापकोटा, राजेश घिमिरे, नवराज भण्डारी, सूर्यप्रसाद तिमिल्सिनाले सहजीकरण गर्नुभएको छ ।

रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले प्रशिक्षणको उद्घाटन गर्दै प्राथमिक उपचार तालिम रेडक्रस अभियानको अभिन्न अंग भएको बताउनुभयो । रेडक्रसले प्राथमिक उपचारको तालिमलाई महत्वपूर्ण रुपमा लिएर जनस्तरमा पुऱ्याएको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका मन्त्री सन्तोष अधिकारीले ४१ औं जिल्ला सभाको निर्णय तथा जुनियर युवा सर्कलका संरक्षकहरुको गोष्ठीले निर्धारण गरेका विभिन्न गतिविधि छ । यस मध्ये प्रशिक्षण गरेको जानकारी दिनुभयो । रेडक्रस कास्कीका कोषाध्यक्ष खड्काले प्राथमिक उपचार तालिम बहुआयामिक शिक्षाको रुपमा सबैको लागि काम लाग्ने विषय भएको बताउनुभयो ।

'एक घर एक प्राथमिक उपचारक' भन्ने नाराका साथ भएको कार्यक्रममा रेडक्रस कास्कीका उपमन्त्री तथा जुनियर युवा समिति संयोजक डिल्लीराम बरालले शिक्षक नायकले प्रशिक्षित भएपछि विद्यालयमा हुन सक्ने घटना भएको खण्डमा अस्पताल लैजान भन्दा पहिला गर्ने उपचारमा व्यावहारिक सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# प्राथमिक उपचार तालिम



नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीले आधारभूत प्राथमिक उपचार प्रशिक्षणको आयोजना गरेको छ । प्रशिक्षणमा कास्की जिल्ला शाखाका प्रतिनिधि ,पोखरा महानगरपालिकाका उपशाखाका प्रतिनिधि, रेडक्रसका स्वयंसेवक र कर्मचारी गरी २३ जनाको सहभागिता रहेको थियो ।

चार दिनसम्म सञ्चालन भएको तालिममा तालिम संयोजक मोहनसिंह खड्का , प्रशिक्षकहरू खेमराज सापकोटा, नवराज भण्डारी, सूर्यप्रसाद तिमिल्सिना 'पालुवा', लीला देवकोटाले सहजीकरण गरेको रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले जानकारी दिनुभयो । उहाँले नेपाल रेडक्रस सोसाइटी प्राथमिक उपचार तालिम निर्देशिका २०७४ अनुसार प्राथमिक उपचारको महत्व, अर्थ, सिपिआर , रक्तश्राप, हाडभचाई, मेरुदण्डको चोट, सर्प तथा जनावरको टोकाई, वातावरणीय समस्या लेक तथा लु लाग्ने समस्या, ज्वरो, झाडापखाला लगायतका विषयमा प्रशिक्षण दिइएको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका मन्त्री सन्तोष अधिकारीले 'एक घर एक प्राथमिक उपचारक' भन्ने नारा सहित कास्की जिल्लामा विभिन्न गतिविधिहरू मध्ये प्राथमिक उपचार तालिमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको जानकारी दिनुभयो ।

रेडक्रस कास्कीका कोषाध्यक्ष तथा तालिम संयोजक मोहनसिंह खड्काले सैद्धान्तिक र प्रयोगात्मक अभ्यास सहित तालिम सञ्चालन गरिएको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सदस्य एवम् प्राथमिक उपचार समितिका संयोजक बबिता सुवेदीको सभापतित्वमा समापन भएको सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, कास्की शाखाका निवर्तमान सभापति डण्डराज शर्मा, उपसभापति रमा न्यौपाने कोइराला, शाखाका सदस्य तथा प्राथमिक उपचार समितिका संयोजक बबिता सुवेदी, सदस्य तिमिल्सिना 'पालुवा', प्रशिक्षक भण्डारी, सहभागीहरु सुमित्रा आचार्य र विन्दुराज तिवारी लगायतले बोल्नु भएको थियो । समापन समारोहमा सबै सहभागीलाई सफलताको प्रमाणपत्र वितरण गरिएको छ ।

# तीज गीत प्रतियोगिता सम्पन्न




नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका आयोजना र विन्ध्यवासिनी मा.वि. जुनियर रेडक्रस सर्कल व्यवस्थापनमा जिल्ला स्तरीय अन्तरविद्यालय तीज गीत प्रतियोगिता २०८२ भाद्र ६ शुक्रबारका दिन सम्पन्न भयो । प्रतियोगितामा पोखरा-१६ बाटुलेचौरको विन्ध्यवासिनी मावि प्रथम भएको छ । नेपाली नारीहरूको महान् पर्व हरितालिका तीजको सन्दर्भमा भएको प्रतियोगितामा माछापुच्छ्रे गाउँपालिकास्थित बराह मावि भिडाबारी द्वितीय, पोखरा-१७ को छोरेपाटन मावि तृतीय र अमरसिंह माविले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा जिल्लाका २३ वटा विद्यालयका जुनियर रेडक्रस सर्कलहरूको सहभागिता रहेको रेडक्रस सोसाइटी कास्कीका उपमन्त्री तथा जुनियर युवा समितिका संयोजक डिल्लीराम बरालले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहलाई क्रमशः रु १० हजार, ७ हजार, ५ हजार र ३ हजार नगद, मेडल र ट्रफी प्रदान गरिएको छ । प्रतियोगिताको निर्णायकमा दीलिप गायक र कमला गैरे रहनुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभाका उपसभामुख वीनाकुमारी थापाले विजयी विद्यार्थीलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभयो । नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले जुनियर तथा युवा सर्कल मार्फत् रेडक्रसका गतिविधि आधारभूत तहसम्म पुगेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति रमा कोइराला न्यौपाने, कोषाध्यक्ष मोहनसिंह खड्का, कार्यसमिति सदस्यहरु सुवास अधिकारी, श्रीकान्त पौडेल, विन्ध्यवासिनी माविको व्यवस्थापन समितिका अध्यक्ष सन्दीप थापा, जुनियर रेडक्रस सर्कल विन्ध्यवासिनीका संरक्षक तथा प्रधानाध्यापक कृष्णप्रसाद पौडेल, शिक्षक नायक जयराम पुन, जुनियर सर्कल विन्ध्यवासिनी माविकी अध्यक्ष लक्ष्मी गुरुङ लगायतले बोल्नुभएको थियो ।

# वेपत्ता बिरुद्धको दिवस मनाइयो

जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवस (३० अगस्त अर्थात १४ भदौ) को सन्दर्भमा नेपाल रेडक्रस सोसाइटी कास्कीले सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम गरेको छ

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले सशस्त्र द्वन्द्वकालिन मुद्दालाई किनारा लगाउन ढिला गर्न नहुने बताउनुभयो । उहाँले व्यक्ति वेपत्ता भएपछि परिवारलाई मृत्यु भएको भन्दा पनि पिडा हुने उल्लेख गर्नुभयो । उहाँले द्वन्द्वकालिन मुद्दालाई तार्किक निष्कर्ष पुऱ्याउने सरकारको चासो र राजनीतिक इच्छाशक्ति नदेखिएको दाबी गर्नुभयो । उहाँले पछिल्लो समयमा बेपत्ता भएका व्यक्तिको परिवारसँग सरोकारवालाको भेटघाटको कमी भएको जानकारी दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति रमा कोइराला न्यौपानेले पीडितलाई न्याय प्रदान गर्नुका साथै राज्यका निकायले सामाजिक-आर्थिक आवश्यकतालाई सम्बोधन गर्नु पर्ने बताउनुभयो । द्वन्द्वमा कमाउने व्यक्ति गुमाएका परिवारका लागि आयआर्जनका कार्यक्रम र आधारभूत आवश्यकता सम्बोधन गर्नुपर्नेमा जोड दिदै उहाँले पीडितहरूका लागि न्याय भनेको केवल कानुनी प्रक्रिया मात्र नभई सम्मानपूर्वक बाँच्न पाउने अधिकार र सामाजिक-आर्थिक आवश्यकताको परिपूर्ति पनि भएको चर्चा गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्काले सशस्त्र द्वन्द्वको अवधिमा नेपालमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आरसीआइसी)ले काम गरेको बताउनुभयो । उहँले आरसीआइसीले सुरुवात गरेको सशस्त्र द्वन्द्वका पीडितहरुको परिवारको लागि भेटघाट कार्यक्रमलाई नेपाल रेडक्रस सोसाइटीले निरन्तरता दिएको जानकारी दिनुभयो ।

मानव अधिकार एलाइन्स गण्डकी प्रदेशका अध्यक्ष डा बुद्धिबहादुर थापाले बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यलाई गम्भीर अपराध मानेर कानुन बनाउन माग गर्नुभयो । उहँले नेपालले बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने कानुन बनाउन नसकेको बताउनुभयो ।

अन्तर्राष्ट्रिय वेपत्ता बिरुद्ध दिवसको सन्दर्भमा २०८२ भाद्र १४ गते नेपाल रेडक्रस सोसाइटी कास्कीले सरोकारवाल बीच समन्वयात्मक बैठक राखेको छ । सो दिवसको क्रममा २०८२ भाद्र १५ गते राष्ट्रिय मानव अधिकार आयोग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), एडभोकेसी फोरम र सशस्त्र र द्वन्द्वबाट प्रभाविहरुले सामुहिक रुपमा अन्तरक्रिया कार्यक्रम गरेका छन् । सोहि क्रममा रेडियो परिसम्वाद्का अलवा पोखरा शहिद चोकमा वेपत्ताको स्मरणमा दीप प्रज्वलन गरिएका छ ।

सरकार र माओवादी बीच २०६३ मंसिरमा भएको विस्तृत शान्ती सम्झौता अनुसार दुवै पक्षबाट वेपत्ता भएका व्यक्तिको स्थिती ६ महिना भित्रमा सार्वजनिक गर्ने प्रतिवद्धता जाहेर भएको थियो तथापि विस्तृत शान्ती सम्झौता यति लामो समयसम्म पनि वेपत्ताको अवस्था सार्वजनिक हुन सकेको छैन ।

बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा सशस्त्र द्वन्द्वको अवधिमा ३ हजार ९३ व्यक्ति बेपत्ता भएको उजुरी परेको छ, जसमा कास्कीका २५ सहित गण्डकी प्रदेशका १२३ जना रहेका छन् ।

# सय युनिट भन्दा बढी रक्तदान गर्ने संस्थालाई सम्मान




नेपाल रेडक्रस सोसाइटी कास्कीले १ सय युनिट भन्दा बढी रक्तदान गर्ने संघ संस्था तथा दुर्लभ रक्तदाता समूहका ५ सदस्यलाई सम्मान गरेको छ।
 ६० औं रक्त सञ्चार सेवा दिवसको सन्दर्भमा आयोजना गरेको कार्यक्रममा पोखरामा रक्त सञ्चार केन्द्र स्थापना गर्न योगदान पुर्‍याएका पूर्व उपसभापति तथा स्वास्थ्य समितिका संयोजक टंकमान नापितलाई समेत् दोसल्ला ओढाएर सम्मान गरिएको छ। समारोहमा दुर्लभ रक्तदाताहरु गोकर्ण कार्की, सीता गुरुङ, निर्मल श्रेष्ठ, सन्तोष पौडेल, अनिता लामालाई सम्मानपत्र प्रदान गरिएको नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले जानकारी दिनुभयो।

कार्यक्रममा १ सय युनिट भन्दा बढी रक्तदान गर्ने १५ संघ संस्थालाई सम्मान गरिएको हो। कोटी होममा ९ सय ८ युनिट रगत संकलन गर्ने मानव सेवा फाउण्डेसनका मिलन राउत, नेपाल स्वयंसेवी रक्तदाता समाज कास्की शाखाका अध्यक्ष दीपेन्द्र अधिकारी र ८९ पटक रक्तदान गर्ने जितेन्द्रमान शाक्य, शान्तिदीप पोखराले सञ्चालन गरेको आकस्मिक रक्तदान युनिट (आरदायु)का संयोजक हरिश्चन्द्र शर्मा, लायन्स क्लब अफ भिमाद ग्रिन सिटी, पोखरा कोरिया रिटर्न, र पोखरा आदर्श चौतारी, मुक्तिनाथ विकास बैंक, गरिमा विकास बैंक, हिमालय क्लब पोखरा १६, बुद्धटोल युवा क्लब, मनिप्लान्ट सहकारी, कैलाश बचत तथा ऋण सहकारी संस्था, नेपाल रेडक्रस सोसाइटी पोखरा ६ उपशाखा, नेपाल सुनचाँदी व्यवसायी महासंघ, टिम पोखरा मल्टिपल प्रपोज प्रालि संस्थालाई सम्मान गरिएको छ।

गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्ण पाठकले कार्यक्रमको उद्घाटन गर्दै मानवीय सेवाको क्षेत्रमा काम गर्ने संस्था रेडक्रसले प्राकृतिक प्रकोप, मनसुन जन्य विपद्, खानेपानी योजना लगायतका विकास निर्माणको क्षेत्रमा योगदान पुर्‍याएको बताउनुभयो। उहाँले रेडक्रसको मानवीय सेवा धार्मिक काम भन्दा ठूलो भएको चर्चा गर्नुभयो।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले गण्डकी प्रदेशको नमुना बनेको सोसाइटी कास्की सबै जिल्लाको लागि प्रेरणाको श्रोत बनेको बताउनुभयो।

'मानवताको पक्षमा' भन्ने नाराका साथ भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ९का अध्यक्ष दीपेन्द्र मर्सानी, नेपाल रेडक्रस सोसाइटीका पूर्व उपकोषाध्यक्ष डोलराज पाण्डे, गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकाल, कास्कीका निवर्तमान सभापति तथा स्वास्थ्य समितिका संयोजक डण्डराज शर्मा पौडेल, पूर्व उपसभापति नापित, उपसभापति रमा कोइराला न्यौपाने, मन्त्री सन्तोष अधिकारी, कोषाध्यक्ष मोहनसिंह खड्का, कार्यसमितिका सदस्य खगेन्द्रराज पराजुली, सिर्जना विकास केन्द्रका अध्यक्ष विष्णुप्रसाद बराल लगायतले रक्त सञ्चार सेवाको बारेमा बोल्नु भएको थियो।

# विपद व्यवस्थापन प्रशिक्षण





नेपाल रेडक्रस सोसाइटी कास्की शाखाले विपद्को हिसाबले उच्च जोखिमको संकटासन्न समुदाय रहेको स्याङ्जाको पुतलीबजार नगरपालिका ४ बेलघारी अठासीमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी अभिमुखीकरण प्रशिक्षण गरेको छ। पुतलीबजार नगरपालिकाका र युनिका फाउण्डेशन दि नेदरल्याण्डको सहयोगमा रेडक्रस कास्कीले बेलघारी अठासी खानेपानी तथा सरसफाई परियोजना सञ्चालन गरेको छ।

अभिमुखीकरणमा रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्का, तालिम संयोजक नवराज भण्डारी, खानेपानी तथा सरसफाई आयोजनाका प्रमुख कल्पना ज्ञवाली, र सुनिता पौडेलले सहजीकरण गर्नुभयो। कार्यक्रममा विपद परिभाषा, चक्र, शब्दावली, संकटासन्न विश्लेषण, प्रकोप स्तरीकरण, स्रोत तथा प्रकोप नक्शांकन लगायतका विषयमा सहजीकरण गरिएको छ। प्रशिक्षणमा परियोजना क्षेत्र भित्रका उपभोक्ता, युवा क्लब, आमा समूहका प्रतिनिधि गरी ५५ जनाको सहभागिता रहेको छ।

 रेडक्रस कास्कीका कोषाध्यक्ष खड्काले विपद् पर्न भन्दा पहिले, विपद्को समयमा र विपद् पछिको अवधिमा स्थानीय समुदाय समेत् र क्रियाशील भएर लागेमा विपद् जोखिम प्रभावकारी हुन सक्ने बताउनुभयो।

तालिम संयोजक भण्डारीले बेलघारी अठासीमा बाढी, पहिरो, हावाहुरी, सडक दुर्घटना, चट्याङ, बाँदर लगायत जनावर आंतक जस्ता प्रकोपले विपद् निम्ताउने उल्लेख गर्नुभयो। नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख सिर्जना लामिछानेले पालिकाले ५० लाखको विपद् व्यवस्थापन कोष खडा गरेको बताउनुभयो। खानेपानी परियोजना प्रमुख ज्ञवालीले परियोजनालाई समयमै सम्पन्न गरी समुदायलाई हस्तान्तरण गर्नको लागि सबैलाई सहयोग गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा पुतलीबजार नगरपालिका वडा नम्बर ४का वडा सदस्य पृथ्वीप्रसाद पोखरेल, बेलघारी अठासी खानेपानी तथा सरसफाई परियोजना उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर थापा, रेडक्रस कास्की शाखाका कर्मचारी दिपकनाथ भण्डारी, सहभागी सूर्यप्रसाद सुवेदी लगायतले बोल्नुभएको थियो।

# खानेपानी आयोजनाबाट साढे ६ सय जनसंख्या लाभान्वित




खानेपानी तथा सर सरसफाई परियोजनाको बारेमा नेपाल रेडक्रस सोसाइटी कास्कीले दातृ संस्था रोटरी क्लब हर्स्ट एण्ड द मास, दि नेदरल्याण्डका प्रतिनिधि मण्डलसँग अन्तर्क्रिया गरेको छ ।

दातृ निकाय युनिका फाउन्डेसन नेदरल्याण्डका प्रतिनिधि सहित रोटरी क्लबको टोलीले संयुक्त रुपमा रुपा ७ हंसपुरको काउरे सोलार लिफ्टिङ खानेपानी तथा सरसफाई परियोजनाको स्थलगत अनुगमन समेत् गरेको रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार १ करोड १४ लाख २६ हजार ३ सय ४ रुपैयाँको लागतमा निर्माण भएको परियोजना अन्तर्गत १ सय ३ घरमा खानेपानीका धारा जडान भएका छन् । स्थानीय कुर्लुङ खोलाबाट ल्याइएको सो खानेपानी आयोजनाबाट त्यस क्षेत्रका ६ सय ४२ जनसंख्या लाभान्वित भएको उहाँले बताउनुभयो ।

समग्र रामकोट सोलार लिफ्टिङ खानेपानी तथा सरसफाई परियोजना अन्तर्गतको सो आयोजनाको स्थानीय साझेदार रोटरी क्लब अफ पोखरा लेकसाइड र नेपाल रेडक्रस सोसाइटी रुपा ७ हंसपुर उपशाखा रहेका छन् । सो खानेपानी परियोजना २०७५सालदेखि सुरु भएको हो । सो परियोजना अन्तर्गत तरकारी खेती, मौरी पालन, घरबास आवास (होमस्टे) लगायत सरसफाइका कार्यक्रम सञ्चालित छन् ।

रोटरी कल्ब हर्स्ट एण्ड द मास दि नेदरल्याण्डका अध्यक्ष ज्याक जेन्निस्केन्सले रेडक्रस सोसाइटी, स्थानीय सरकार, उपभोक्ता लगायत सबै सरोकारवाला निकायको समन्वय र सहकार्यमा परियोजना सफल भएको बताउनुभयो । दातृ निकाय युनिका फाउण्डेशन दि नेदरल्याण्डका राष्ट्रिय निर्देशक रमेश पौडेलले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा नेपालमा खानेपानी परियोजनालाई अगाडि बढाएको जानकारी दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेश समितिका अध्यक्ष सूर्यप्रसाद ढकाल, रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, रुपा ७का अध्यक्ष कृष्ण सुवेदी, जिल्ला समन्वय समिति कास्कीका सदस्य सीता विश्वकर्मा, रेडक्रस सोसाइटी कास्की खानेपानी तथा सरसफाई परियोजना प्रमुख कल्पना ज्ञवाली,काउरे सोलार लिफ्टिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष युवराज गुरुङ लगायतले बोल्नुभएको थियो ।

यसैगरी रोटरी क्लब हर्स्ट एण्ड द मास, दि नेदरल्याण्डका पदाधिकारी सहितको २५ सदस्यीय प्रतिनिधिमण्डलले नेपाल रेडक्रस सोसाइटी कास्कीले सञ्चालन गरेको खानेपानी परियोजना, प्रादेशिक रक्तसञ्चार केन्द्रको अवलोकन गरेको छ । सो अवसरमा कास्की रेडक्रसका विविध सामाजिक तथा मानवीय सेवाका गतिविधिहरू, आपतकालीन उद्धार सहयोग, स्वास्थ्य, रगत संकलन, भण्डारण तथा वितरणको बारेमा विस्तृत छलफल गरिएको रेडक्रस कास्कीका उपसभापति रमा कोईरालाले जानकारी दिनुभयो । रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष राजेन्द्र लिगल, रेडक्रस सोसाइटी कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्का, रेडक्रस कास्कीका जिल्ला शाखाका उपमन्त्री तथा जुनियर युवा समितिका संयोजक डिल्लीराम बराल, कार्यालय प्रमुख कृष्णप्रसाद कोईराला, प्रादेशिक रक्तसञ्चार केन्द्रका इन्चार्ज अर्जुन ज्ञवाली, रोटरी क्लब अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष जयराम पौडेल लगायतले बोल्नुभएको थियो ।

# मादीमा सुधारिएको चुलो



कास्कीको मादी गाउँपालिका वडा नं. ९ स्थित डाँडाथोक र प्रगतिटोलमा २०८२ साउन ८ गते १२८ घरधुरीलाई सुधारिएको २ मुखे फलामे चुलो वितरण गरिएको छ । सम्बन्धित चुलो निर्माण कम्पनीसँगै चुलो परियोजनाका फोकल पर्सन संजय पौडेलले स्थानीयको घर घरमा चुलो जडान गर्न सहजीकरण गर्नु भएको थियो ।

त्यस्तै नयाँ परियोजनाको लागि पर्वतको जलजला गाउँपालिकाको वडा नम्बर ५ र कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नम्बर ३ मराम्चेमा क्रमश: १०१ र ३२ घरलाई सुधारिएको २ मुखे फलामे चुलो वितरण गर्नको लागि परियोजना प्रस्ताव स्वीकृत भई आवश्यक प्रक्रियालाई अगाडि बढाउन युनिका फाउण्डेशनमा पठाइएको छ ।

# बाल आश्रममा खाद्यान्न

नेपाल रेडक्रस सोसाइटी पोखरा ४ उपशाखाले पोखरा २७ डाँडाको नाकमा रहेको बाल आश्रममा खाद्यान्न वितरण गरेको छ । नेपाल रेडक्रस सोसाइटीको स्थापना दिवसको अवसरमा खाद्यान्न वितरण गरेको हो ।

उपशाखाका सभापति दिव्येश्वरी अधिकारीले मानवताको पक्षमा भन्ने नाराका साथ अनाथ बालबालिकालाई सहयोग गरेको बताउनु भयो । उपशाखाका निवर्तमान सभापति कल्पना अधिकारी, कोषाध्यक्ष पार्वती श्रेष्ठ, बाल आश्रमका संरक्षक १०८ गुरु विष्णु बाशिष्ठ लगायतले बोल्नु भएको थियो ।

# स्थापना दिवसमा वक्तृत्वकला प्रतियोगिता तथा विभिन्न कार्यक्रम सञ्चालन



नेपाल रेडक्रस सोसाइटीको ६३औं स्थापना दिवसको सन्दर्भमा रेडक्रस सोसाइटी कास्की शाखाले कास्की जिल्ला स्तरीय वक्तृत्व प्रतियोगिताको आयोजना गरेको छ । 'मानवताको पक्षमा' भन्ने नाराका साथ कास्की शाखा मातहतका उपशाखाहरुले विविध कार्यक्रमको आयोजना गरी स्थापना दिवस मनाएका छन् । 'जलवायु परिवर्तन र विश्व चुनौती शीर्षकमा वक्तृत्वकला भएको हो । नेपाल जुनियर रेडक्रस सर्कल अमरसिंह माविको व्यवस्थापनमा भएको प्रतियोगितामा कास्कीका २७ सर्कलका विद्यार्थीले प्रतिस्पर्धा गरेका छन् ।

प्रतियोगितामा ओखलेडाँडा भुम्दीकोट मावि पोखरा २२का शरद बराल प्रथम, रिलाइन्स पब्लिक स्कुलकी दिपशीखा क्षत्री द्वितीय, अमरसिंह माविकी सुसन्ध्या पौडेल तृतीय र बालमन्दिर माविका सुरज गुरुङले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई क्रमशः ७ हजार ५ हजार, ३ हजार, २ हजार नगद पुरस्कार सहित ट्रफी र प्रमाणपत्र वितरण गरिएको रेडक्रस सोसाइटी कास्कीका उपमन्त्री तथा जुनियर सर्कलका संयोजक डिल्लीराम बरालले जानकारी दिनुभयो । प्रतियोगिताको निर्णायकहरुमा रुपिन्द्रप्रभावी जोशी र बाबुराम सुवेदी रहनु भएको थियो । पोखरा महानगरपालिका शिक्षा महाशाखाका निर्देशक हेमप्रसाद आचार्यले प्रतियोगिताको उद्घाटन गरेको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारी, मन्त्री सन्तोष अधिकारी कोषाध्यक्ष मोहनसिंह खड्का, कार्यसमितिका सदस्य श्रीकान्त पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद कोइराला, प्रधानाध्यापक बलराम पोखरेल, शिक्षक नायक सम्झना पोखरेल, जुनियर रेडक्रस सर्कल अमरसिंह माविका अध्यक्ष भाषिका सुवेदी, सचिव जिगरकुमार श्रेष्ठ उपरकोटी लगायतले बोल्नु भएका थियो ।

यसैगरी नेपाल रेडक्रस सोसाइटी उपशाखा पोखरा १९ ले पोखराको पर्यटकीय क्षेत्र घार्मीमा वृक्षरोपण तथा सरसफाई गरेको छ । सोसाइटीको ६३ औं स्थापना दिवसको अवसरमा उपशाखाले स्थानीय ओमकारेश्वर महादेव मन्दिर परिसरमा विभिन्न प्रजातिका २५ वटा फुलका विरुवा रोपिएको उपशाखाका स्वास्थ्य संयोजक श्यामसुन्दर आचार्यले जानकारी दिनुभयो । सरसफाइको क्रममा फोहोरको वर्गीकरण गरी व्यवस्थापन गरिएको छ ।

कार्यक्रमलाई प्लास्टिकजन्य फोहोर मैलामुक्त वातावरण संरक्षण समिति कुरेचौर, स्वाभिमान टोल विकास संस्था, तेन्जिङ डोल्मा हेल्प नेपालले सहयोग गरेका छन् । पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले उद्घाटन गरेको कार्यक्रममा वडा सदस्य दुर्गादेवी बस्नेत गौतम, महेन्द्र माविका प्रधानाध्यापक बासुदेव पौडेल, रेडक्रस सोसाइटी कास्कीका सदस्य नवराज पौडेल, पोखरा १९ उपशाखाका सभापति रमेश विश्वकर्मा, सचिव माधव गौतम, टोल विकास संस्थाका अध्यक्ष गोपालप्रसाद पौडेल, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डीराज पौडेल लगायतले मन्तव्य राख्नु भएको थियो ।

यसैगरी नेपाल रेडक्रस सोसाइटीको ६३ औं स्थापना दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी रुपा ६ रुपाकोट उपशाखाले निबन्ध लेखन प्रतियोगिताको आयोजना गरेको छ ।

# शुभकामना आदान-प्रदान

नेपाल रेडक्रस सोसाइटी, पोखरा १२ उपशाखाको आयोजना तथा व्यवस्थापनमा विजया दशमी, शुभदीपावली, नेपाल सम्बत् छठ पर्वको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम भएको छ । २०८२ असोज ११ गते उपशाखाका उपसभापति शान्ति गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका कोषाध्यक्ष एवं उपशाखाका समन्वयकर्ता मोहनसिंह खडकाको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रमको संचालन उपशाखाका उपसचिव रामचन्द्र अधिकारीले गर्नु भएको थियो ।

# प्राथमिक उपचार प्रशिक्षण



नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका जुनियर युवा समितिको वार्षिक कार्यक्रम अनुसार माछापुच्छ्रे २ घाचोकमा विद्यालय स्तरीय २ दिने प्राथमिक उपचार प्रशिक्षण कार्यक्रम भएको छ ।

नेपाल जुनियर रेडक्रस सर्कल शारदा माविको व्यवस्थापनमा माछापुच्छ्रे गाउँपालिकामा गठित जुनियर सर्कलका विद्यार्थीलाई प्रशिक्षण दिइएको हो । रेडक्रस कास्की शाखाका सभापति उर्मिला खड्का भण्डारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कास्की शाखाका कोषाध्यक्ष मोहनसिंह खड्का र वरिष्ठ प्रशासन सहायक नवराज भण्डारीले प्राथमिक उपचारको महत्व र आवश्यकताका विषयमा सहजीकरण गर्नु भएको थियो ।

समारोहमा कास्की शाखाका उपमन्त्री एवं जुनियर युवा समितिका संयोजक डिल्लीराम बराल, कार्यसमितिका सदस्य श्रीकान्त पौडेल, माछापुच्छ्रे उपशाखाका सभापति टेकराज आचार्य लगायत उपशाखाका पदाधिकारी एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विद्यालयका प्रधानाध्यापकको सहभागिता रहेको थियो ।

# विपद् व्यवस्थापन प्रशिक्षण कार्यक्रम



नेपाल रेडक्रस सोसाइटी, पोखरा ५ उपशाखाको आयोजनामा २०८२ साउन २३ गते एक दिवसीय विपद् व्यवस्थापन प्रशिक्षण सम्पन्न भएको छ । पोखरा महानगरपालिका वडा नं. ५ वडा कार्यालयको नयाँ भवनको सभाहलमा प्रशिक्षण भएको हो ।

कार्यक्रमको सभापतित्व उपशाखाका सभापति केशवप्रसाद कोइरालाले गर्नु भएको थियो । पोखरा महानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष विष्णुप्रसाद बरालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

प्रशिक्षणमा टोल विकास समितिका अध्यक्ष, युवा क्लबका अध्यक्ष तथा प्रतिनिधि, नेरेसो, पोखरा ५ उपशाखा कार्यसमितिका सदस्यहरुको सहभागिता रहेको थियो । प्रशिक्षणमा विपदका प्रकार, शब्दावली, नेपालमा घटिहने विपद्, विपदका चक्रका विषयमा कास्की शाखाका कोषाध्यक्ष एवं विपद् व्यवस्थापन समितिका संयोजक मोहनसिंह खड्का, प्रशिक्षक नवराज भण्डारीले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा नेरेसो, कास्कीका पूर्व उपसभापति शिवप्रसाद कोइराला, कास्की शाखाका उपसभापति रमा न्यौपाने कोइरालाकोषाध्यक्ष मोहनसिंह खड्का, कास्की शाखाका सदस्य एवं पोखरा ५ उपशाखाका समन्वयकर्ता बबिता सुवेदी, पोखरा ५ वडा कार्यालयका वडा सदस्य हरिमाया विश्वकर्मा, गोविन्द पराजुलीको सहभागिता रहेको थियो ।

# महिला सचेतनाको लागि अभिमुखीकरण

रेडक्रसको स्थापना दिवसको सन्दर्भमा नेपाल रेडक्रस सोसाइटी पोखरा १६ उपशाखाले विद्युतीय अपराध (अनलाइन)को बारेमा सचेतनामूलक कार्यक्रम गरेको छ । रेडक्रस कास्कीका उपसभापति रमा कोइराला न्यौपाने उद्घाटन गरेको कार्यक्रममा नेपाल प्रहरीका वरिष्ठ प्रहरी नायब निरीक्षक होतबहादुर रोकायाले अनलाईन अपराध सम्बन्धी विविध विषयहरुमा सहजीकरण गर्नुभयो । कार्यक्रममा पोखरा १६का वडा सदस्य रामचन्द्र आचार्य, रेडक्रस सोसाइटी कास्कीका सदस्यहरु महेश्वर दवाडी र सुवास अधिकारी, रेडक्रस सोसाइटी पोखरा १६ उपशाखाका सभापति दुर्गादत्त आचार्य, पोखरा १६ उपशाखाका लैंगिक तथा सामाजिक समावेशीकरण समितिका संयोजक तारा भट्टराई, उपशाखाका सदस्यहरु शोभा आचार्य, गोमा आचार्य, सुमित्रा आचार्य लगायतले बोल्नु भएको थियो ।

# खुल्ला रक्तदान

नेपाल रेडक्रस सोसाइटी पोखरा २ र ३ उपशाखाले नेपाल रेडक्रस सोसाइटीको ६३ औं स्थापना दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रम गरेको छ । उपशाखा अन्तर्गतको लैंगिक तथा सामाजिक समावेशीकरण समितिको व्यवस्थापनमा २०८२ भदौ २१ गते भएको कार्यक्रममा २९ युनिट रगत संकलन भएको छ ।

सामाजिक समावेशीकरण समितिका संयोजक सोममाया राईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारी, कास्की शाखाका सदस्य खगेन्द्रराज पराजुली, उपशाखा सभापति विन्दु शर्मा पराजुली, उपशाखाका सचिव सरस्वती अधिकारी, प्रादेशिक रक्त सञ्चार सेवाका इन्चार्ज अर्जुन ज्ञवालीले बोल्नु भएको छ । रेडक्रस सोसाइटीको स्थापना दिवसको अवसरमा पोखरा २ र ३ उपशाखाले नारायणस्थान मन्दिर सरसफाई समेत् गरेको छ ।

# डेंगी...

छन्, 'उहाँले भन्नुभयो 'कास्कीका ३२ठाउँमा डेंगी संक्रमण फैलाउने लामखुट्टेको खोज र नष्ट अभियान गरिएको छ ।' उहाँले सामाजिक सञ्जालको प्रयोग, स्थानीय समुदायको अपनत्वमा तथा विद्यालय स्तर गरेको कार्यक्रम अत्यन्तै प्रभावकारी भएको उल्लेख गर्नुभयो । उहाँले रेडियो तथा टेलिभिजन मार्फत् सूचना प्रसारण, फेसबुक टिकटकबाट समेत् अभियान चलाएको बताउनुभयो ।

कास्कीमा माइकिङ मार्फत् सूचना प्रसारण, समुदायमा स्वयंसेवक परिचालनसँगै ब्रोसर वितरण लगायतका गतिविधिसहित कार्यक्रम सञ्चालन गरिएको जानकारी दिदै उहाँले कार्यक्रम तथा गतिविधिहरु प्रत्यक्ष रूपमा ९ हजार ४ सय ३ व्यक्ति प्रत्यक्ष रुपमा सहभागी भएको उल्लेख गुर्नभयो । उहाँले अप्रत्यक्ष रूपमा ६० हजार भन्दा धेरै व्यक्तिसम्म कार्यक्रम पुगेको दाबी गर्नुभयो ।

उहाँले रेडक्रस कास्की, सरकारी निकायहरुले यो वर्ष समुदाय स्तरमा प्रभावकारी कार्यक्रम भएकोले डेंगीको संक्रमणलाई रोकथाम तथा नियन्त्रण सम्भव भएको जानकारी दिनुभयो । 'डेंगु रोगको संक्रमणबाट बच्नु भनेको व्यक्तिगत, सामुदायिक तथा संस्थागत रूपमा सरसफाई नै हो खोज र नष्ट अभियान नै निरन्तरता दिनु नै यस अभियानको मुख्य उपलब्धि हो, 'उहाँले भन्नुभयो, 'यस वर्ष समुदायका स्वास्थ्य स्वयंसेविकाको चासो, पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा तथा स्वास्थ्य कार्यालय कास्कीको मुख्य भूमिका रहेकै कारण संक्रमणमा दर कम भएको पाइन्छ ।' उहाँले सामूहिक प्रयासमा समुदाय स्तरमा प्रभावकारी कार्यक्रम गरेको कारण यो वर्ष डेंगी संक्रमितको संख्या नबढेको उल्लेख गर्नुभयो ।

# पोखरा ३१को कार्यालय व्यवस्थापन

नेपाल रेडक्रस सोसाइटी पोखरा ३१ उपशाखाले रेडक्रसको स्थापना दिवसको सन्दर्भमा कार्यालय व्यवस्थापनको अलावा वृक्षारोपण गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर ३१को वडा कार्यालयको सहयोगमा बेगनासतालमा कार्यालय व्यवस्थापन गरिएको हो । पोखरा ३१का अध्यक्ष ढकनाथ कँडेलले कार्यालयको उद्घाटन गरेको कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका मन्त्री सन्तोष अधिकारी, जिल्ला सदस्यहरु पार्वती कार्की, बबिता सुवेदी, पोखरा ३१का सभापति केदारनाथ अधिकारी, उपसभापति प्रभा भुजेल, सचिव शुकदेव तिवारी लगायतले बोल्नु भएको थियो ।

# सकारात्मक सोंच कार्यक्रम प्रशिक्षण




नेपाल रेडक्रस सोसइटी कास्की शाखा अन्तर्गतको लैंगिक तथा सामाजिक समावेशीकरण समितिले महिला लक्षित सकारात्मक सोंचको बारेमा प्रशिक्षण सञ्चालन गरेको छ । प्रशिक्षणमा कास्कीका ४८ उपशाखाका ५० जनाको सहभागिता रहेको छ । कार्यक्रममा जीवन विज्ञान कास्कीका अध्यक्ष बासुदेव पौडेल र शंकर पोखरेलले सहजीकरण गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले कार्यक्रमको उद्घाटन गर्दै रेडक्रसले विपद्, एम्बुलेन्स सेवा, रक्त सञ्चार सेवा, मानवीय सेवा, खानेपानी लगायतका धेरै विषयमा काम गर्ने गरिरहेको जानकारी दिनुभयो । २०५५ सालमा बनेको महिला समितिलाई २०६८ सालमा नयाँ नामाकरण गरेको उल्लेख गर्दै उहाँले समितिमा सबै समुदाय र वर्गको प्रतिनिधित्व हुने गरी समावेश गर्ने बताउनुभयो ।

कार्यक्रममा रेडक्रस कास्कीका निर्वमान सभापति डण्डराज शर्मा पौडेल, उपसभापति तथा लैंगिक तथा समाजिक समावेशीकरण समितिका संयोजक रमा न्यौपाने कोइराला, रेडक्रस कास्की शाखाका मन्त्री सन्तोष अधिकारी, जिल्लाका कोषाध्यक्ष मोहनसिंह खड्का, जिल्ला सदस्य पार्वती कार्की, सूर्यप्रसाद तिमिल्सिना 'पालुवा' कार्यालय प्रमुख कृष्णप्रसाद कोइराला, नेपाल रेडक्रस सोसाइटी पोखरा ३२ उपशाखाका उपसभापति विमला थापा बस्नेत, लैंगिक तथा सामाजिक समावेशिकरण समितिका सदस्य सचिव सिर्जना बास्तोला लगायतले रेडक्रसका गतिविधि तथा अभियानका बारेका बोल्नु भएको थियो ।

# प्राथमिक उपचार अभिमुखिकरण




नेपाल जुनियर रेडक्रस सर्कल नवीन मावि पोखरा ४ गैरापाटनले विद्यार्थीलाई लक्षित गरी प्राथमिक उपचार अभिमुखीकरण गरेको छ ।

६२ औं नेपाल रेडक्रस स्थापना दिवसको अवसरमा २०८२ भदौ २० गते भएको कार्यक्रममा रेडक्रस कास्की शाखाका सदस्य तथा प्राथमिक उपचार समितिका सहसंयोजक सूर्यप्रसाद तिमिल्सिना 'पालुवा' र वरिष्ठ प्रशासन सहायक नवराज भण्डारीले सहभागीलाई प्राथमिक उपचारको महत्व र आवश्यकताका विषयमा सहजीकरण गर्नु भएको थियो ।

# अर्नाकोट खानेपानीको स्तरोन्नति गरिने

नेपाल रेडक्रस सोसाइटी कास्कीको खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत बागलुङको निसीखोलाको अर्नाकोटमा सञ्चालित लिफ्टिङ खानेपानी आयोजनाको स्तरोन्नति गरिने भएको छ ।

अहिलेको परियोजना एक एक धारा समुदायहरु थप गर्नुको साथै पुरानो संरचनालाई स्तरोन्नति गर्न लागिएको हो । केही आवश्यक पर्ने संरचना थप गरी समुदायलाई खानेपानीको व्यवस्थापन गर्ने गरी युनिका फाउण्डेशन दि नेदरल्याण्ड, निसीखोला गाउँपालिका, कर्मफ्लाइट फाउण्डेशनको समन्वय अन्य दातृ निकायको सहयोग र रेडक्रस कास्की शाखाको प्राविधिक सहयोगमा समुदायमा रहेका उपभोक्ता समितिमा २८६ वटा धारा निर्माण गर्ने गरी २०८२ भदौ १६ गते (१ सेप्टेम्बर २०२५) परियोजना सञ्चालन गरिएको छ ।

सो परियोजनाका दातृ निकायसँग सम्झौता गरी समुदायमा काम गर्नको लागि कर्मचारी समेत् व्यवस्थापन गरिएको छ । कार्यक्रम सञ्चालनको लागि सबै कर्मचारीलाई परियोजना स्थलमा खटाइएको छ ।

# महिला सशक्तिकरण अभिमुखीकरण

नेपाल रेडक्रस सोसाइटी, पोखरा १२ उपशाखाले नेपाल रेडक्रस स्थापना दिवसको अवसरमा २०८२ भदौ २१ गते महिला सशक्तिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरेको छ ।

उपशाखाका सभापति इन्दिरा पन्त आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, कास्की शाखाका कोषाध्यक्ष मोहनसिंह खड्काको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा अधिवक्ता एवं पत्रकार सुष्मा पौडेलले सहजीकरण गर्नु भयो ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# विपद् तथा संकट व्यवस्थापनमा सक्रियता




नेपाल रेडक्रस सोसाइटी, कास्की शाखा अन्तर्गतको विपद् व्यवस्थापन समितिको आयोजनामा विपद् प्रतिकार्य समूहको बैठक २०८२ साउन ९ गते कास्की शाखाको सभाहलमा बसेको छ । मुल परिचालन समिति र क्षेत्रगत समितिहरु ६ वटाका टोली नेता र सदस्यहरुको सहभागितामा बैठक बसेको हो ।

बैठकको उद्देश्य र सहभागीलाई स्वागत कास्की शाखाका कोषाध्यक्ष एवं विपद् समितिका संयोजक मोहनसिंह खड्काले गर्नुभएको थियो भने बैठकका विषय बस्तु र सदस्यको भूमिका विषयमा मन्त्री सन्तोष अधिकारीले प्रकाश पार्नु भएको थियो । बैठकमा क्षेत्रगत समितिका सदस्यहरुबाट प्राप्त सुझाव र आगामी दिनमा गर्नु पर्ने पुर्वतयारी लगायतका विषयबस्तुहरु बैठकमा छलफलका क्रममा उठेका थिए । उक्त विषयहरु आगामी दिनमा कार्यन्वयन गर्दै अगाडी बढ्ने प्रतिवद्धता सहित कार्यक्रमको समापन कास्की शाखाका सभापति उर्मिला खड्का भण्डारीले गर्नुभएको थियो ।

यसैबीच नेपाल रेडक्रस सोसाइटी कास्कीले विपद्को पूर्व तयारी, तथा पुनर्लाभको गतिविधि अन्तर्गत निरन्तर रुपमा स्वयं सेवक परिचालन गरी संकटासन्न समुदायको लागि सहयोग गर्न विपद् प्रतिकार्य समूह गठन गरेको थियो । आपत कालिन प्रतिकार्य योजना अनुसार कास्की जिल्ला भित्र विपद् को अवस्थामा द्रुत सेवा प्रदान गर्नको लागि समूह गठन गरी परिचालन गर्ने उद्देश्य राखिएको हो । रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीको संयोजकत्वमा १२ सदस्यीय जिल्ला स्तरीय परिचालन समिति र पालिका स्तरको समिति गठन गरिएको हो । रेडक्रस कास्की शाखले सरकारी निकाय, विभिन्न संघ संस्था, एवं समुदायबाट माग भइ आए बमोजिम विपद् व्यवस्थापन प्रशिक्षण प्रदान गर्दै आएको छ । रेडक्रस कास्कीले भदौ महिनामा विपद् राहत सहयोग अर्न्तगत स्थानीय तह तथा उपशाखाको सिफारिस अनुसार बाढी पहिरो प्रभावित १ र द्वन्द्व प्रभावित १० घर परिवारलाई राहत सहयोग प्रदान गरेको छ । रेडक्रस कास्कीले असोज महिनामा विपद् राहत सहयोग अर्न्तगत नियमानुसार स्थानीय तह र उपशाखाबाट सिफारिस भई आएका विपद् प्रभावित परिवार मध्ये बाढी पहिरो प्रभावित १ र आगलागीबाट प्रभावित ३ परिवारलाई राहत सहयोग प्रदान गरिएको छ ।

यो आर्थिक वर्षको दशैंको आसपासमा अत्यधिक वर्षात भयो । वर्षातको कारण हुन सक्ने धन जनको क्षतिलाई मध्यनजर राख्दै सरकारले सवारी आवागमनमा रोक लगायो । धेरै ठाउँमा बाढी पहिरोका कारण सडक अबरुद्ध भए । रेडक्रस कास्कीका कोषाध्यक्ष तथा विपद् व्यवस्थापन समितिका संयोजक मोहनसिंह खड्काका अनुसार कास्कीका चालु आर्थिक वर्षमा प्राकृतिक प्रकोप, दुर्घटना र विपद् जन्य घटनाबाट कास्कीमा १ हजार परिवार प्रभावित हुने प्रक्षेपण गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति कास्कीले विपद् व्यवस्थापनको क्षेत्रलाई १० क्लष्टरमा विभाजन गरेर काम गर्छ । १० क्लष्टर मध्ये रेडक्रस कास्कीको अस्थायी आवास तथा गैर खाद्य सामाग्री व्यवस्थापनको क्षेत्र पर्छ। विपत व्यवस्थापन चक्रका सबै चरण, विपद् पूर्व तयारी, प्रभावितहरुलाई सहयोग तथा मानवीय सेवा उपलब्ध गराउन उपशाखाहरुले समेत विपद् राहत कोषको व्यवस्था गरेका छन् । कास्कीमा हरेक वर्ष बाढी पैरो आगलागी, सवारी दुर्घटना, चट्याङ हावाहुरी लगायतका विपद्का घटनाले मानवीय र भौतिक क्षती भएको छ। विपद् जोखिम न्युनिकरण सचेतना अभिवृद्धि, विपद्को पूर्व तयारी, योजना निर्माण र कार्यान्वयनमा रेडक्रसले ध्यान दिएको छ । रेडक्रस कास्कीले प्राकृतिक प्रकोप, दुर्घटना र विपतबाट प्रभावितहरुको राहात तथा उद्दारको लागि ३० लाख रुपैयाँको विपत राहत कोष खडा गरेको छ ।

# नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित एम्बुलेन्स सेवा

**बिरामीहरुको जीवन रक्षाका लागि तत्काल अस्पतालसम्म पुऱ्याउन कास्की शाखाले एम्बुलेन्स सेवा सञ्चालन गरेको छ ।**

| महिना | छोटो दूरी | लामो दूरी | उद्धार तथा अन्य सेवा | जम्मा |
|---|---|---|---|---|
| श्रावण महिना | ३९ | ३ | ७ | ४९ जना |
| भाद्र महिना | ६९ | ३ | ३ | ७५ जना |
| आश्विन महिना | ४० | ६ | ३ | ४९ जना |

# रक्त सङ्कलन र वितरण

नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार सेवा पोखराले नियमित रुपमा विभिन्न रक्तदाता संघसंस्था व्यक्तिहरुको सहभागितामा रक्तदान कार्यक्रमहरुको आयोजना गरी रगत सङ्कलन गर्दै आएको छ । वार्षिक रक्तदान क्यालेण्डर अनुसार संस्थाहरुसँग समन्वय गरी रगत रक्तजन्य तत्वको अभाव हुँदा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरी बिरामीहरुलाई डाक्टरको सिफारिस अनुसार रगत परीक्षण गरी शुद्ध रगत वितरण गरिएको छ। २०८२ साउन देखि २०८२ असोज मसान्तसम्म रक्तदान गर्ने संघसंस्थाहरुको नामावली रक्तदान युनिट संख्या निम्नानुसार रहेको छ ।

## साउन २०८२

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| नेपाल ईन्जिनियर्स एसोसिएसन गण्डकी प्रदेश पोखरा | ४४ |
| पोखरा फोटोग्राफर संघ पोखरा | ५६ |
| होटल बाराही | ५६ |
| हिमाली गुरुङ परिवार | ४७ |
| नेपाल सुसमाचारिय चर्च संगति | २७ |
| वैदेशिक रोजगार शाखा संरक्षण संघ गण्डकी प्रदेश | ६१ |
| लायन्स क्लब अफ पोखरा ब्यूटीसिटी | २४ |
| नेपाल रेडक्रस सोसाइटी स्याङ्जा ब्लड बैंक | ४१ |
| लायन्स क्लब अफ पोखरा बिरौटा साझा चौतारी | ४३ |
| नेपाली कांग्रेस पोखरा नगर कार्य समिति | ५८ |
| राष्ट्रिय युवा संघ नेपाल जिल्ला समिति कास्की | १०२ |
| फर्निचर तथा फर्निसिङ व्यवसायी संघ | ५० |
| लायन्स क्लब अफ तनहुँ खैरेनीटार | ७३ |
| म्याग्दी पोखरा चौतारी | ३४ |
| लायन्स क्लब अफ डुलैगौंडा | ३७३ |
| सयपत्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ८२ |
| फेन्सी तथा रेडिमेड व्यवसायी संघ | ६२ |
| लायन्स क्लब अफ पोखरा भृकुटी | ५१ |
| पोखरा एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेज प्रा=लि | ४५ |
| लायन्स क्लब अफ पोखरा कोहिनूर भिलेज | ३४ |
| गुरुङ गहना घर प्रा. लि | ११४ |
| दाह्री ग्याङ | ५४ |
| बुद्ध टोल युवा क्लब | ६१ |
| होटल प्रतिनिधि समाज पोखरा | .७३ |
| लायन्स क्लब अफ भिमाद ग्रीनसिटी | ८५ |
| नेपाल औषधी तथा बिक्री प्रतिनिधि संघ | ३५ |
| नेपाल विद्युत् प्राधिकरण कर्मचारी युनियन गण्डकी प्रदेश समिति | ८१ |
| श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल | ३९ |
| छाङ्गेली नेवा समाज | ६२ |
| नेपाल राष्ट्रिय खड्गी समाज | ६८ |
| लायन्स क्लब अफ पोखरा मर्दी हिमाल | १४ |
| म्याग्दी ब्लड बैंक | ३४ |
| शान्तिदीपअभियान द्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | २५ |

## भाद्र २०८२

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ४० |
| श्री कलम बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ८७ |
| लायन्स क्लब अफ लेखनाथ मेट्रोसिटी | ५० |
| ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय | ४२६ |
| वालिङ पोखरा सम्पर्क समाज | ५२ |
| लेखनाथ सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २६ |
| दीप युनाइटेड क्लब | ५४ |
| लायन्स क्लब अफ पोखरा मेट्रोसिटी | ३६ |
| नेपाल रेडक्रस सोसाइटी स्याङ्जा रक्तसञ्चार केन्द्र (ब्लड बैंक) | १११ |
| युवा बौद्ध संघ | १३ |
| लायन्स क्लब अफ पोखरा भद्रकाली तथा ग्रीन डेभलपमेन्ट बैंक | ४३ |
| आँधीखोला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ५४ |

| | |
|---|---|
| विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ६२ |
| लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ S नेपाल | ४५ |
| पोखरा नर्सिङ क्याम्पस | ४६ |
| बाङ्सिङ पोखरा एकता समाज | ५६ |
| गुल्मेली समाज पोखरा | ३८ |
| लायन्स क्लब अफ पोखरा फर्निसिङ | ३८ |
| नेपाल रेडक्रस सोसाइटी उपशाखा २, ३ कास्की | २९ |
| खौलालाकुरी पोखरा सम्पर्क समाज | ४८ |
| नेपाल निजामती कर्मचारी यूनियन कास्की | ४४ |
| पर्वत रक्तसञ्चार केन्द्र (ब्लड बैंक) | २० |
| योङ कम्युनिस्ट लिग नेपाल जिल्ला समिति कास्की | ४६ |
| नेपाली कांग्रेस वडा कार्यसमिति पोखरा महा( नगरपालिका-१८ सराङकोट | २६ |
| Heart for earth foundation | ५२ |
| तारेबराहा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३५ |
| समता बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४७ |
| बागलुङ रक्तसञ्चार केन्द्र (ब्लड बैंक) | १९ |
| नेवाः मिसा पुचः नयाबजार | ४० |
| लायन्स क्लब अफ पोखरा मर्दी हिमाल | १४ |
| शान्तिदीप अभियान द्धारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | ५० |

## आश्विन २०८२

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| पोखरा महानगरपालिका वडा नं. ५ वडा कार्यालय | ४१ |
| राइजिङ स्टार युथ क्लब | ६३ |
| लायन्स क्लब अफ पोखरा डायमण्ड भिलेज | ४१ |
| लायन्स क्लब अफ पोखरा फिष्टेल स्टार सिटी | ७२ |
| नेपाल मानव धर्म सेवा समिति | ३१ |
| बिरौटा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३४ |
| लायन्स क्लब अफ पोखरा अभियान | १४१ |
| सनराइज क्लब | ५० |
| म्याग्दी ब्लड बैंक | ५८ |
| हिमालय बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४० |
| उत्साह चर्च युवा संगति | ४९ |
| प्राइम कमर्सियल बैंक लिमिटेड | ७३ |
| नेपाल रेडक्रस सोसाइटी माछापुच्छ्रे ५ रिवन उपशाखा कास्की, | २६ |
| लायन्स क्लब अफ पोखरा समर्पण | ६५ |
| लायन्स क्लब अफ पोखरा फिष्टेल सिटी | १४२ |
| अरुणोदय युथ क्लब, | २६ |
| लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५, रिजन १७, जोन ३३ र ३४ | ७८ |
| टेम्पल ट्री रिसोर्ट | ३७ |
| नेपाल रेडक्रस सोसाइटी उपशाखा १, २, ३ र ढिकुरपोखरी युवा सञ्जाल | ३० |
| राष्ट्रियप्रेमी युवा तथा राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी सङ्घ | ३९ |
| गण्डकी अटोमेकानिकल वर्क्स एशोसिएसन | २९ |
| श्री सिद्धेश्वर मल्टीपर्पोज एग्रिकल्चर को-अपरेटिभ लिमिटेड | २६ |
| पोखरेली क्रिस्टियन युवा संगति पोखरा, नदीपुर | ३४ |
| कास्की आइडियल सोसाइटी, UAE | ४८ |
| लायन्स क्लब अफ पोखरा सामाजिक अभियान | १७ |
| लायन्स क्लब अफ पोखरा सिभिक | ४७ |
| गण्डकी प्रदेश अस्पताल पोखरा / प्रदेश प्रहरी कार्यालय | ९९ |
| सराङकोट बहुउद्देश्यीय सहकारी संस्था | ३७ |
| लायन्स क्लब अफ पोखरा मर्दी हिमाल | १० |
| शान्तिदीप अभियान द्धारा संचालित आकस्मिक रक्तदान युनिट( आरदायु) पोखरा | २७ |

**नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा**
पोखरा महानगरपालिका-८, सिर्जनाचोक
फोन : ०६१-५७०३४७, ५७०८११, E-mail: nrcskaski@gmail.com, kaski.dc@nrcskaski.org, Website: www.nrcskaski.org
**प्रादेशिक रक्त सञ्चार तथा एम्बुलेन्स सेवा**
फोन : ०६१-५७१०९१, ५४३१९१, ५७१७६२, E-mail: rbts21091@gmail.com